# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं कार्तिक १७ गते २०१० साल

## भाग १

## प्रधानमन्त्रालय राज्यव्यवस्थाको सूचना

### क्रान्तिकालीन लुटपीटमा कार्यवाही गराउने

क्रान्तिकालीन लुटपीट विषयमा सरकारी खरखजाना धनमाल इत्यादि सरकार वादी हुँदा हद नराखी बुझी निर्णय गर्ने र जनताको उजुरी दिने अन्तिम म्याद २००८ साल आश्विन मसान्त कायम भएको म्यादभित्र परेको उजुरीमा कार्यवाही गर्न, ४ अड्डा नभएको ठाँउमा त्यस जिल्लाका अन्य अड्डा-समेत गरी ४ अड्डा पुर्‍याउने, सो नपुग्ने भए ३ अड्डासम्म पुर्‍याई एउटा नगरपालिकाको प्रमुख वा उनको अनुपस्थितिमा मुनिको अधिकारी राखी ४ अड्डा पुर्‍याउने, नगरपालिका नभएको ठाँउमा २ अड्डाका मात्रै हाकिमहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

डिट्ठा , खरीदारहरु ०९ साल आषाढ ३ गतेका गजेटबाट मात्र पहिला दोस्रा दर्जाको कारिन्दा र फाँटवाला दर्ज्यानीमा गाभिएको र सो आषाढ ३ गतेदेखि मात्र दोस्रा दर्जाको कारिन्दाबाट पहिला दर्जाको कारिन्दामा र पहिला दर्जाको कारिन्दाबाट फाँटवालामा मात्र प्रमोशन गर्ने गर्नू भन्ने ०९ साल आश्विन २८ गते गजेट प्रकाश भएकोबाट सो मिति अर्थात् ०९ साल आषाढ ३ गतेभन्दा अगाडि साबिक रूल नियमबमोजिम यी साबिकका बिभिन्न दर्ज्यानीमा नयाँ नियुक्ति सरुवा अथवा प्रमोशन भएको सदरै मान्नुपर्ने हुँदा ती दर्ज्यानीमा ०९ साल आषाढ २ गतेसम्ममा नयाँ नियुक्ति सरुवा अथवा प्रमोशन भएको सदरै गरी सो- ०९ साल आषाढ ३ गतेका गजेटमा किटिएबमोजिम खुवाउनुपर्ने हुनाले सो- बमोजिम गर्नू । त्यसपछिकालाई र अरूको हकलाई भैरहेका गजेट ऐन सवाल आदेश-बमोजिम खाने खुवाउने गर्नू भन्ने श्री प्रधान तथा अर्थमन्त्रीज्यूबाट मेमो सदर भएकोले सोबमोजिम गर्नुहोला ।

आज्ञाले:—

चूडानन्द

का. मु. सेक्रेटरी–अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

राखी कमेटी गठन गरी काम कार्यवाही गर्नु गराउनुपर्दछ । ६ अङ्कासम्मको कमेटी गठन गरी कार्यवाही गरी ल्याएको पुनः कार्यवाही गर्न फिर्ता गराई रहनुपर्दैन । यसमा ग्रामपंचायत र ब्यारेकका अफिसर तथा जिमीदार पटवारी हरूको व्यक्ति राखी कमीशन गठन गर्नुपर्दैन ।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी—
प्रधानमन्त्रालय, राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

११८